# राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal

केन्द्रीय कार्यालय (Central Office)

हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


## प्रेस–विज्ञप्ति

३ कात्तिक, २०७८

### उद्धार, राहत, पुनर्स्थापना र मनोसामाजिक परामर्शमा तीव्रता दिन आग्रह ।

### आयोगद्वारा बाढी पहिरो प्रभावितको अवस्था बारे अनुगमन

विगत तीन दिनदेखि परेको अबिरल वर्षाका कारणबाट उत्पन्न बाढी, पहिरो र डुबानमा परी देशका सुदुरपश्चिम लगायत विभिन्न भागमा भएको धनजनको क्षतिप्रति राष्ट्रिय मानव अधिकार आयोग गहिरो दुःख व्यक्त गर्दछ । बाढी पहिरोका कारण मानव अधिकारको उपभोगमा परेको असरका बारेमा आयोगका केन्द्रीय, प्रदेश तथा प्रदेश शाखा कार्यालयहरुबाट अनुगमन भइरहेको छ ।

आयोगको अनुगमन र विभिन्न सञ्चार माध्यमहरुबाट आयोगलाई प्राप्त जानकारी अनुसार सूदुरपश्चिम प्रदेश र प्रदेश नं. १ अन्तर्गतका जिल्लाहरु बाढी पहिरोबाट बढी प्रभावित भएको पाइएको छ । बाढी पहिरोका कारण डोटी, डडेल्धुरा, बैतडी, बझाङ, हुम्ला, कालिकोट, धनकुटा, पाँचथर, इलाम, कैलाली, कञ्चनपुर, नवलपरासी लगायतका जिल्लामा मानवीय तथा भौतिक क्षति पुगेको र धानवालीलगायत कृषिजन्य उत्पादन र पशुपञ्छी नष्ट भएको पाइएको छ । तराईका विभिन्न स्थानहरुमा रहेका घरहरु डुबानमा परेको, सुदूरपश्चिमका अधिकांश जिल्लामा यातायात, टेलिफोन तथा इन्टरनेट सेवा अबरुद्ध भएको तथा विभिन्न राजमार्गहरुमा क्षति पुग्दा आवतजावतमा समस्या भएको आयोगको अनुगमनबाट पाइएको छ ।

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ मा असुरक्षित स्थानमा रहेका विपद् प्रभावितलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने, खोज उद्धार तथा राहत वितरण कार्यमा प्रभावकारिता ल्याउनुपर्ने राज्यको दायित्व रहनुका साथै विपद्को अवस्थामा सरोकारवाला बीच समन्वय र सहकार्य गर्नुपर्ने उल्लेख छ । साथै, आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६६ तथा मानव अधिकारका अन्तर्राष्ट्रिय मापदण्डहरुले निर्दिष्ट गरे अनुरुप व्यक्तिको जीऊ धनको सुरक्षा, आधारभूत आवश्यकताको परिपूर्ति लगायत विपद्को अवस्थामा आवश्यक अन्य मानव अधिकारको सुनिश्चितता गर्ने राज्यको दायित्वभित्र पर्दछ ।

अतः प्राकृतिक विपद्बाट हुन जाने थप जोखिमको न्यूनीकरण गर्न, विपद् प्रभावितहरुको खोज, उद्धार, उपचार, मनोसामाजिक परार्श र पुनर्स्थापनामा सरोकारवालासँग समन्वय र सहकार्य गरी नागरिकको जीऊ धनको रक्षा गर्न आयोग नेपाल सरकारलाई आग्रह गर्दछ । साथै, मानव अधिकारका अन्तर्राष्ट्रिय मापदण्डहरुले निर्दिष्ट गरे अनुरुप व्यक्तिको जीऊ धनको सुरक्षा, आधारभूत आवश्यकताको परिपूर्ति लगायत विपद्को अवस्थामा आवश्यक अन्य मानव अधिकारको सुनिश्चिचता गर्ने कार्यमा संघ, प्रदेश तथा स्थानीय तह लगायत अन्य सरोकारवाला बीच समन्वय र सहकार्य गर्दै तीव्रताका साथ जुट्न आयोग सम्बद्ध सबै पक्षलाई अनुरोध गर्दछ ।

..................

डा. टीकाराम पोखरेल

प्रवक्ता


फोन नं. ००९७७–१–५०१००१५, फ्याक्स नं. ००९७७–१–५४४७९७३, पो.ब.नं. ९१८२, काठमाडौं, नेपाल

Phone: +977-1-5010015, Fax: +977-1-5547973, G.P.O. Box: 9181, Kathmandu, Nepal

Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org